महिला तथा बाल अधिकारको सुनिश्चितता हाम्रो प्रतिबद्धता

# हाम्रो आवाज

मासिक बुलेटिन

बर्ष :- ५ अङ्क :- १५ महिना :- जेठ, २०७२

## सञ्चार अनुगमन महिला र बालबालिका

## जेठ २०७२

वैशाख १२ र २९ गते आएका विनाशकारी भूकम्प र हजारौं पराकम्पनका कारण मुलुकमा अकल्पनीय जनधनको क्षति भएको छ । प्राकृतिक विपत्तिको यस समयमा उद्धार र राहतका प्रयास भएका छन् तर आवश्यकताको तुलनामा सेवा पुर्‍याउन सकिएको छैन । अर्कातिर विपद्को जोखिम बढिरहेको मौका छोपेर असामाजिक तत्व पनि सक्रिय हुनथालेको देखिएको छ ।

भूकम्पपछि उद्धार र सहयोगका नाममा महिला तथा बालबालिकाको तस्करी हुने गरेका घटनाहरु पत्रपत्रिकामा सार्वजनिक भएका छन् । सहयोगका नाममा महिलाहरुलाई बिक्रीका लागि भारतका विभिन्न शहरमा लैजानेजस्ता अमानवीय घटनाहरु बढेका छन् । भूकम्पबाट सयौं बालबालिकाले अभिभावक गुमाएका छन् । उनीहरुलाई धर्मपुत्र-धर्मपुत्री बनाउन धेरै विदेशी संघ-संस्था तथा व्यक्तिले चासो देखाएका छन् । तर सहयोगका नाममा महिला तथा बालबालिकाको बेचबिखन भएका उदाहरण पनि बाहिर आएका छन् ।

२०७२ को जेठ महिनामा मुलुकभर महिला र बालबालिकामाथि ९ वटा हिंसाका घटना भएको अखबारहरुमा प्रकाशित छ । राष्ट्रिय दैनिकहरुको अनुगमन गरी तयार पारिएको आँकडामा महिला हिंसासम्बन्धी समाचार ४ वटा रहेका छन् भने बालबालिकासँग सम्बन्धित ५ वटा घटनाका समाचार प्रकाशित छन् । प्रकाशित समाचारहरुमा महिला तथा बालबालिकाको हत्या, बलात्कार, कुटपिट, घरेलु हिंसा, यौनजन्य हिंसासँग सम्बन्धित घटनाहरु रहेका छन् । यस महिनामा भूकम्पबाट प्रभावित भएका नागरिकहरुको समाचारले बढी प्राथमिकता पाएको छ । त्यस कारणले गर्दा पनि महिला र बालबालिका सँग सम्बन्धित हिंसाका घटनाहरु कम प्रकाशित भएको हुनसक्ने अनुमान गर्न सकिन्छ ।

जेठ महिनामा ३ महिलाको हत्या भएको छ भने एक ६ महिने नवजात शिशुको जन्मदिने आमाले नै हत्या गरेको समाचार पनि प्रकाशित भएको छ । २ बालिका बलात्कारको शिकार भएका छन् । त्यसैगरी १ महिलालाई बोक्सीको आरोपमा गाउँलेले कुटपिट गरेका छन् । बालविवाह र अपहरणमा १-१ बालबालिका पीडित भएका छन् ।




अखबारहरुका अनुसार जेठ महिनामा महिला र पुरुष गरी ५ जना हतियारजन्य हिंसाबाट प्रभावित भएका छन् । बन्दुक तथा अन्य हतियारको प्रयोगबाट भएको हिंसामा ३ महिला, २ पुरुष प्रभावित भएको सञ्चार अनुगमनका क्रममा पाइएको छ । प्रभावित हुने महिलामा ३ को मृत्यु भएको छ । त्यसैगरी १ पुरुषको मृत्यु भएको छ भने १ घाइते छन् ।




हिंसामा महिला तथा बालबालिकासँग सम्बन्धित घटनालाई क्षेत्रगत आधारमा हेर्दा पूर्वाञ्चल ५, मध्यमाञ्चल ३, र मध्य-पश्चिमाञ्चल १ रहेको देखिन्छ ।




गत महिनाको लुलना गर्ने हो भने महिला र बालबालिकासँग सम्बन्धित हिंसाका घटनामा कमी आएको देखिन्छ । सञ्चारमाध्यममा प्रजनन स्वास्थ्यलाई पनि उठाइएको देखिन्छ । सुत्केरीको स्याहार हुन नपाएको देखि मासिकश्रावको व्यवस्थापन गर्न ठाउँको अभाव भएका कारण महिला तथा किशोरीहरु थप पीडिमा परेको समाचार पनि यस अवधिमा प्रकाशित भएका छन् ।

## बालविवाह र महिला हिंसाविरुद्ध भिडियो भ्यान तथा सडक नाटक

खड्गबहादुर अस्लामी (मगर)

लहान, १८ जेठ । बालविवाह तथा महिला हिंसा विरुद्धको अभियान “कमद बढाऔं” अन्तर्गत मानव अधिकार सञ्चार प्रतिष्ठान नेपाल (इह्रिकन) ले फिनल्याण्ड राजदूतावासको सहयोगमा चेतना अभिवृद्धिका लागि सिरहाका दुई नगरपालिका र सात गाविसमा भिडियो भ्यान तथा सडक नाटक कार्यक्रम सञ्चालन गर्‍यो ।



महिला हिंसा र अल्पायुमै विभिन्न रोगका शिकार हुनुको कारण बालविवाह भएको ठहर गर्दै इह्विकनले सचेतनामूलक भिडियो भ्यान तथा सडक नाटक अभियान थालेको हो । यस अभियानबाट बालविवाह घटेर महिला हिंसामा कमी आउने विश्वास सरोकारवालाहरुले व्यक्त गरेका छन् । सिरहाको अयोध्यानगर, पोखरभिण्डा, ढोडना, धनगढी, विष्णुपुरकट्टी, गोलबजार, सीतापुर, बस्तीपुर र लहान बजारमा चेतनामूलक नाटक प्रदर्शन गरिएको थियो ।

दलित जनकल्याण युवा क्लबका कलाकारहरुले नाटक प्रदर्शन गरेका थिए । कार्यक्रममा इह्विकनले तयार पारेको डकुमेन्ट्री पनि प्रदर्शन गरिएको थियो । लहान बजारमा आयोजित उद्घाटन कार्यक्रममा लहान नगरपालिकाका कार्यकारी अधिकृत कृष्णबहादुर कार्की, स्थानीय सलहेश क्याम्पसका प्रमुख भैरव गेलाललगायतले अहिले पनि तराई मधेशका ग्रामीण भेगमा छोरीको कम उमेरमा विवाह गरी शारीरिक, मानसिक रोगी बनाउने अभिभावक हुनु लज्जाको विषय हो भनेका थिए । उनीहरुले यस प्रकारको चेतनामूलक कार्यक्रमले महिला हिंसा घटाउने विश्वास पनि प्रकट गरे ।



मैथिली भाषामा तयार पारिएको भिडियो डकुमेन्ट्री तथा सडक नाटकमा कम उमेरमा विवाह गर्दा उत्पन्न हुने शारीरिक, मानसिक, सामाजिक, पारिवारिक, आर्थिक समस्याका साथै दाइजो प्रथाले वृद्धि भएको महिला हिंसाका घटना समेटिएको छ । १० मिनेटको डकुमेन्ट्री र आधा घण्टाको नाटकप्रति स्थानीय नागरिकको राम्रो उत्साह देखियो ।

‘यस कार्यक्रमले सामाजिक सवालहरुको पहिचान गर्न मद्दत गर्ने र आमजनतालाई बास्तविकताबारे सजिलोसँग बुझाउने भएकाले परिवार र समुदायमा बालविवाह र महिला हिंसा न्यूनीकरणबारे अर्थपूर्ण छलफल प्रारम्भ हुनेछ ।’ कार्यक्रम संयोजक रोशली पोखरेले उद्घाटनका क्रममा भन्नुभयो- भिडियो भ्यान कार्यक्रममा समेटिका अन्तरक्रियात्मक तथा मनोरञ्जनात्मक गतिविधि व्यक्तिको चेतना अभिवृद्धि गर्न सक्षम छन् ।

सडक नाटकले बालविवाह रोक्न सघाउने दावी इन्सेक सिरहा प्रमुख देवराज पोखरेलको थियो । 'अहिले पनि डुम र मुसहर समुदायमा बालविवाहको परिमाण अधिक छ, स्वभावत: उनीहरुमा यसको नकारात्मक असर पनि बढी हुने नै भयो' पोखरेलले प्रष्ट पार्नुभयो ।

कार्यक्रममा बोल्ने अन्य बक्ताहरुले पनि यस किसिमको भिडियो डकुमेन्ट्री तथा सडक नाटकको माध्यमबाट बालविवाह तथा महिलामाथि हुने विभिन्न प्रकारका हिंसामा कमी आउने विश्वास व्यक्त गर्नुभएको थियो ।

**बालविवाह तथा महिला हिंसा विरुद्धको अभियान "कमद बढाऔं"**










जानकारीका लागि

**मानव अधिकार सञ्चार प्रतिष्ठान नेपा (इह्रिकन )**

ज्वागल कुपण्डोल ललितपुर

फोन नं. ०१-५०११२०४ मा सम्पर्क गर्नुहुन अनुरोध छ ।